नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# सिरहा भन्सार कार्यालय, खैरटोका

सिरहा न. पा.- १७, मधेश प्रदेश
नेपाल

**सूचना नं. ६०**

**भन्सार ऐन, २०८२ को दफा ९२(३) तथा भन्सार नियमावली, २०८३ को नियम ८९ बमोजिम खुल्ला बोलकबोलद्वारा**

**चुकन्दर समेत लिलाम बढाबढ सम्बन्धी सूचना।**

**(सूचना प्रकाशित मिति २०८३।०२।२० गते)**

ना.सु श्री राकेश कुमार चौधरी समेत सिरहा भन्सार कार्यालय, सिरहाले भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा वस्तुहरु बरामद गरी यस कार्यालयमा दाखिला भएका तपसिल बमोजिमका बस्तुहरु मिति २०८३।०२।२० गते बुधबारका दिन दिउँसो १६.३० बजे देखि १७.०० बजेसम्म खुला बोलकबोलद्वारा लिलाम बढाबढ गरिने भएकोले लिलाम लिन इच्छुक व्यक्ति वा फर्म, कम्पनी/संघ- संस्थाले सोदिन समयमै उपस्थित भइ लिलाम बिक्री हुने बस्तुहरु हेरी डाँक बढाबढ गर्नुहोला। बोलकबोल गर्दा कै अवस्थामा फर्म/कम्पनी/संघसंस्थाले अनिवार्य रुपमा आयकर, मू.अ.कर, दर्ता प्रमाणपत्र, अन्तः शुल्क लाग्ने बस्तुहरुको हकमा सो वस्तुहरुको कारोबार गर्न प्राप्त इजाजतपत्र र अघिल्लो आ. व. को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ। उल्लेखित चुकन्दर समेत जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उठाइ लैजानु पर्नेछ। डाँक कबोल गरेको मूल्यको सतप्रतिशत नगद धरौटी डाँक कबोल गर्ने व्यक्तिले राखु पर्नेछ र डाँक बढाबढ भएमा सोही अनुपातमा धरौटी थप गर्नु पर्नेछ। डाँक बढाबढमा सबभन्दा बढी अंक कबोल गर्ने व्यक्तिको कबोल अंक स्विकृत गरिनेछ। कबोल अंक स्विकृत भएकोमा सोही दिन कबोल गरेको वस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर रकम समेत भुक्तानी गरी उठाइ लैजानु पर्नेछ। नेपाल सरकारको हितलाई ध्यानमा राखि नियमानुसार डाँक स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिने छ। यस सूचनामा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल:**

| सि.नं. | मुद्दा नं./मिति | मालबस्तुको विवरण | प्रतिवेदन मूल्य रु. |
|---|---|---|---|
| १. | ६८१।२०८३।०२।२० | चुकन्दर १०० किलो, परवल १४० किलो मात्र । | ३४००।- |

Mobile No. 9852834622 E-mail:siraha@customs.gov.npWebpage: https://www.customs.gov.np/siraha